सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# दोस्रो त्रैमासिक तथा अर्ध-वार्षिक प्रगति विवरण

**(PROACTIVE DISCLOSURE)**

## आ.व. २०८२/०८३ (२०८२ कार्तिक - २०८२ पौष मसान्त सम्म)



जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय,

नवलपरासी (ब.सु.पू.)

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम यस डिभिजन कार्यालयबाट प्रवाह भएका सेवाहरु सोही ऐनको दफा ५ (४) बमोजिम देहाय अनुसार प्रकाशन गरिएको छ ।

## क) जिल्लाको परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम भएको छ ।

## जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७५।०६।८ गते तत्कालिन गण्डकी प्रदेशका भौतिक पूर्वाधार मन्त्री रामशरण महत ज्यूबाट उद्घाटन भए देखि जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को नामबाट कार्यालय संचालन भै आएको छ । यसका मुख्य उद्देश्यहरु नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गर्ने, नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने र सिंचाई तथा नदि नियन्त्रण सम्बन्धी प्राविधिक ज्ञान उपलब्ध गराउने । गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०५।१५ गतेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धी निर्णय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको च.नं. ३९४, मिति २०८२।०७।१३ को सचिव बैठकको निर्णय कार्यान्वयन सम्बन्धी पत्रको आधारमा उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको मिति २०८२।०७।१४ निर्णय (सचिवस्तर) बमोजिम गण्डकी प्रदेश सरकार, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय मातहत रहेको साबिकको भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय, नवलपरासी (ब.सु.पू.) यस जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.) मा गाभिई, गाभिएको कार्यालयको नाम "जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.)" रहि मिति २०८२।०८।०१ देखि एकीकृत सेवा प्रवाह हुने गरि कार्यालय संचालनमा रहेको छ ।

### भूगोलः

- सीमानाः पूर्वः चितवन जिल्ला; पश्चिमः नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला; उत्तरः पाल्पा र तनहुँ जिल्ला; दक्षिणः चितवन र भारतको विहार प्रदेश पर्दछ।
- क्षेत्रफलः १,३३१.१६ वर्ग कि.मी.
- भारतसँग जोडिएको सीमाको लम्बाईः नारायणी नदि करिव ३ कि.मि.
- सबै भन्दा अग्लो भू-भागः समुन्द्री सतहबाट १९३६ मिटर (देवचुली)
- कृषियोग्य जमिनः ४३८९७ हेक्टर
- वनजंगलले ढाकेको क्षेत्रः ५८.४९%
- मुख्य नदीः कालीगण्डकी र नारायणी

इन्जिनियर

- प्रमुख खोलानाला: झरही खोला, केरुङ्गे खोला, गिरुवारी खोला, विनयी खोला, अरुणखोला
- प्रमुख ताल: पोखरी ताल र टरुवा ताल
- मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरु: दाउन्ने देवी मन्दिर, मौलाकालीका मन्दिर, गजेन्द्र मोक्ष्यधाम, शास्वतधाम, अकलादेवी मन्दिर, घुमारीघाट, लोसेधारा, महाराजाथान, सिखौली घाट, उन्नति कल्चरल भिलेज हर्कपुर, धौवादी, देवचुली डाँडा, अमलटारी होमस्टे, प्रिप्रहर होमस्टे


इन्जिनियर

## ख) यस डिभिजन कार्यालयको काम, कर्तव्य र अधिकारः

- सतह सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी कार्य नवपरासी (बर्दघाट, सुस्ता पूर्व) जिल्ला एवं भूमिगत सिंचाई तर्फः गण्डकी प्रदेशको ११ जिल्लाको कृषियोग्य जमिनमा सिंचाइको लागि पानी उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्न सहयोग पुऱ्याउने ।

## ग) जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संगठन संरचना र दरबन्दी तेरिज

*अ. संगठन संरचना*



*आ. दरबन्दी तेरिज*

गण्डकी प्रदेश सरकार
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
नवलपरासी (ब.सु.पू.)

| क्र.सं. | पद | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सि.डि.ई. (नवौं/दशौं) | नेपाल इन्जिनियरिङ्ग | सिभिल | ईरिगेसन | १ | १ | - | |
| २ | ईन्जिनियर (सातौं/आठौं) | नेपाल इन्जिनियरिङ्ग | सिभिल | ईरिगेसन | ३ | ३ | - | १ अध्ययन बिदा |
| ३ | हा.जी (सातौं/आठौं) | नेपाल इन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | १ | | १ | रिक्त |
| ४ | सा.प्रशासन (पाँचौं/छैठौं) | नेपाल प्रशासन | सा.प्रशासन | - | १ | | १ | रिक्त |
| ५ | लेखा (पाँचौं/छैठौं) | नेपाल प्रशासन | लेखा | - | १ | १ | - | |
| ६ | सव-ईन्जिनियर (पाँचौं/छैठौं) | नेपाल इन्जिनियरिङ्ग | सिभिल | ईरिगेसन | ५ | ५ | - | १ अध्ययन बिदा |
| ७ | सव-ईन्जिनियर (पाँचौं/छैठौं) | नेपाल इन्जिनियरिङ्ग | इलेक्ट्रिकल | जनरल इले | १ | | १ | रिक्त |
| ८ | ए.ओ. (चौथो) | नेपाल इन्जिनियरिङ्ग | सिभिल | ईरिगेसन | | १ | - | फाजिल |
| ९ | कार्यालय सहयोगी | नेपाल प्रशासन | सा.प्रशासन | - | २ | २ | - | करार |
| १० | हलुका सवारी चालक | नेपाल प्रशासन | सा.प्रशासन | - | १ | १ | - | करार |
| | | | | जम्मा दरबन्दी | १६ | १४ | | |

नोटः हा.जि. (सातौं) पदका लागि परामर्श सेवाको माध्यमबाट कामकाज भैरहेको ।

इञ्जिनियर

## घ) यस डिभिजन कार्यालयबाट प्रदान गरिने सेवाः

- नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।
- कृषकहरुलाई सिंचाइ सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।
- नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने ।
- उपभोक्ताहरु/कृषकहरुलाई नदी नियन्त्रण एवं बढी पहिरो सम्बन्धी प्राविधिक सीप र ज्ञान उपलब्ध गराउने ।
- उर्जा सम्बन्धी सेवा उपलब्ध गराउने ।
- डिप ट्युबवेल निर्माण र संरचनाहरु विस्तार कार्य
- स्यालो ट्युबवेल निर्माण कार्य
- सतह सिंचाई/जलस्रोत तथा भूमिगत सिंचाईको संभाव्यता अध्ययन तथा तथ्याङ्क संकलन कार्य ।

## ङ) यस डिभिजन कार्यालयका शाखा र जिम्मेवार अधिकारीः

| क्र.सं. | शाखा | जिम्मेवार व्यक्ति | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | भूमिगत जलस्रोत शाखा | ई. श्री प्रकाश गौतम<br>ई. श्री सर्जुन बुढा | |
| २ | जलस्रोत शाखा | | |
| ३ | सिंचाई शाखा | | सि.डि.ई. |
| ४ | प्रशासन शाखा | सि.ए.ओ. निशा धिताल | |
| ५ | आर्थिक प्रशासन शाखा | सहायक लेखा अधिकृत छैटौं<br>श्री सुशिल सुवेदी | |

इन्जिनियर

## च) यस डिभिजन कार्यालयबाट प्राप्त हुने सेवाको दस्तुर र अवधिः

- सिंचाइ योजनाको कुल स्वीकृत लागत अनुमान अङ्कको ०.५ % रकम उपभोक्ताबाट सिंचित हुने क्षेत्रफलको आधारमा संकलन गरी मर्मत संभार कोष स्थापना गर्नु पर्नेछ ।
- मर्मत सम्भार कोषमा मौज्दात हुनुपर्ने न्यूनतम रकमः

  १. सतह सिंचाई प्रणाली रु. १००।- प्रति रोपनी वा १,५००।- प्रति विगाहा

  २. लिफ्ट/भूमिगत सिंचाई प्रणाली रु. २००।- प्रति रोपनी वा रु. ३,०००।- प्रति विगाहा

## छ) निर्णय प्रक्रिया र अधिकारी

- योजनाको ल.ई. तयार लगायत अन्य कार्यहरु प्राविधिक फाँटबाट हुने र लेखा शाखाबाट राय लिई डिभिजन प्रमुखबाट स्वीकृत हुने ।

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयका कर्मचारीहरुको निर्णय उपर उजुरी सुन्ने अधिकारी डिभिजन प्रमुख ।
- डिभिजन प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा र जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

इन्जिनियर

## झ) यस डिभिजन कार्यालयको आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक तथा अर्ध-वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण सारांशः

आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक तथा वार्षिक प्रगति सारांश

कार्यालयको नामः जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू)

क्षेत्रः सतह सिंचाइ, भूमिगत सिंचाई र नदी नियन्त्रण


| क्र.सं. | कार्यक्रम/ आयोजनाको नाम | खर्च शिर्षक | कुल योजना सङ्ख्या | आ.व. २०८२/८३ को स्वीकृत बजेट | आ.व. २०८२/८३ को खर्च | दोस्रो त्रैमासिक प्रगति | | | | वार्षिक प्रगति | | योजनाको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बजेट | खर्च | भौतिक प्रगति % | वित्तिय प्रगति % | भौतिक प्रगति % | वित्तीय प्रगति % | सम्पन्न भएका योजना संख्या | कार्यान्वयनमा गएका योजना संख्या | कार्यान्वयनमा नगएका संख्या |
| अ) | सतह सिंचाई/जलस्रोत तर्फः | | | | | | | | | | | | | |
| क) | प्रदेश अन्तर्गतका कार्यक्रमहरु - ३४००३००१ | | | | | | | | | | | | | |
| १ | सिंचाइ योजना निर्माण कार्यक्रम | ३११५५ | २४ | ७९५००.०० | १९३४०.३४० | १५०५०.०० | १९३४०.३४ | २४५.६७ | १२८.५० | ५१.१३ | २४.३२ | ११ | १० | ३ |
| २ | नदी नियन्त्रण कार्यक्रम | ३११५४ | ५ | १३०००.०० | ७९५५.७९८ | ४५००.०० | ७८२६.०१ | २२१.१० | १७३.९१ | ८४.६२ | ६१.१९ | ४ | १ | ० |
| ३ | आयोजनाको पहिचान/ PCN/ सर्वेक्षण तथा विस्तृत आयोजना प्रतिवेदन तयारी | ३११५५ | १ | २५०.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | १ |
| ४ | ज.उ.स. को संस्थागत विकास कार्यक्रम | ३११५५ | १ | २००.०० | ०.००० | ५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | १ |
| ख) | संघ विशेष अनुदानका कार्यकम - ३४००१००२ | | | | | | | | | | | | | |
| १ | विशेष अनुदानका कार्यक्रम | ३११५४ | १ | ३००००.०० | ०.००० | ६०००.०० | ०.०० | २.०० | ०.०० | ३.०० | ०.०० | | १ | ० |
| ग) | मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना - ३४००३००६ | | | | | | | | | | | | | |
| १ | नदी व्यवस्थापन/तटबन्ध सम्बन्धी आयोजना मर्मत सुधार | ३११५४ | ६ | ६५००.०० | ९९५.४९१ | १०००.०० | ९९५.४९ | ११९.९९ | ९९.५४ | १८.४६ | १५.३१ | १ | १ | ४ |
| २ | सिंचाइ आयोजना मर्मत सुधार | ३११५५, ३११७१ | ४० | ४०५००.०० | ४४५०.८०५ | ८३५०.०० | ४४५०.८१ | १११.८३ | ५३.३० | २४.०० | १०.९८ | ८ | ४ | २८ |
| ३ | विपदबाट क्षति ग्रस्त आयोजना तत्काल पुनर्स्थापना तथा जोखिम न्यूनीकरण | ३११७१ | २ | ४५००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | २ |
| | जम्माः | | ८० | १७४४५०.०० | ३२७४२.४३४ | ३४९५०.०० | ३२६१२.६४ | १६४.७६ | ९३.३१ | ३६.३४ | १८.७६ | २४ | १७ | ३९ |
| आ) | भूमिगत सिंचाई तर्फः | | | | | | | | | | | | | |
| क) | भूमिगत सिंचाई अन्तर्गतका कार्यक्रमहरु - ३४००३००३ | | | १०५४७५.४२२ | | | | | | | | | | |
| १ | भूमिगत स्यालो तथा डीप ट्युबवेल कार्यक्रम | ३११५५ | ७३ | १०३३७५.४२ | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | १.५५ | ०.०० | २ | ५ | ६६ |
| २ | इ.आर. टी/ भी.ई.एस.सर्वेक्षण कार्यक्रम | ३११७२ | ९ | १८००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | ९ |
| ३ | ज.उ.स. को संस्थागत विकास कार्यकम | ३११७२ | १ | ३००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | १ |
| ख) | बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-सिंचाई/तटबन्ध क्षेत्र - ३४००३००४ | | | | | | | | | | | | | |
| १ | सिंचाइ आयोजना निर्माण तथा पुनर्स्थापना | ३११५५ | ४ | ७२००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ८.३३ | ०.०० | | २ | २ |
| ग) | मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना - ३४००३००६ | | | | | | | | | | | | | |
| १ | सिंचाइ आयोजना मर्मत सुधार | ३११५५ | २९ | २७०००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | २९ |
| २ | विपदबाट क्षति ग्रस्त आयोजना तत्काल पुनर्स्थापना तथा जोखिम न्यूनीकरण | ३११७१ | १ | ७००.०० | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | ० | १ |
| | जम्माः | | ११७ | १४०३७५.४२ | ०.००० | ०.०० | ०.०० | ०.०० | ०.०० | १.५७ | ०.०० | २ | ७ | १०८ |
| | पूँजीगत तर्फ जम्मा (अ+आ) | | १९७ | ३१४८२५.४२ | ३२७४२.४३४ | ३४९५०.०० | ३२६१२.६४ | १७१.०६ | ९३.३१ | २०.८३ | १०.४० | २६ | २४ | १४७ |
| | चालु तर्फ जम्माः | | | १३२००.०० | ६१४७.७८० | ३१२१.०० | ३३०२.३० | ०.०० | १०५.८० | ०.०० | ४६.५७ | - | - | - |
| | कुल जम्माः | | | ३२८०२५.४२ | ३८८९०.२१४ | ३८०७१.०० | ३५९१४.९४ | १७१.०६ | ९४.३३ | २०.८३ | ११.८५ | २६ | २४ | १४७ |

इन्जिनियर

ञ) अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:

ट) सार्वजनिक निकायको वेबसाईट भएको सोको विवरण:

- **Website:** http://wriddnawalpur.gandaki.gov.np/




- **Email:** irrigation.nawalpur@gmail.com
- **Facebook Page:** Water Resources & Irr. Development Div. Office, Nawalparasi - East of Susta ***and,*** Wriddo Nawalpur




इन्जिनियर

ड) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

ढ) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:

ण) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:

त) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:

- माग भए बमोजिम विवरण उपलब्ध गराईएको ।

थ) संस्था दर्ता को लागि आवश्यक पर्ने कागजात

१. कृषक अनुरोध फारम ।
२. जल उपभोक्ता समितिको गठन विधान बमोजिम कम्तीमा दुई तिहाई उपभोक्ता उपस्थिति भइ स्थानीय जनप्रतिनिधिको रोहबरमा गठन गरि उक्त गठनको निर्णयको प्रतिलिपि ।
३. पदाधिकारिको नागरिकताको प्रतिलिपि ।
४. संस्था दर्ता सम्बन्धी वडा कार्यालयको प्रतिलिपि ।
५. जल उपभोक्ता समितिको विधान (२ प्रति ) ।
६. जल उपभोक्ता समितिको निवेदन ।

इञ्जिनियर

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

# जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

नवलपरासी (ब.सु.पू.)

| | | |
|---|---|---|
| १. | यस डिभिजन कार्यालयबाट प्रदान गरिने सेवाहरुको उद्देश्य | नवपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको कृषियोग्य जमिनमा सिंचाइको लागि पानी उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्न सहयोग पुऱ्याउने साथै नदी नियन्त्रण सम्बन्धी काम गर्ने । साथै गण्डकी प्रदेशका ११ जिल्लामा भूमिगत जलस्रोत सम्बन्धी कार्य गर्ने । |
| २. | सेवाको प्रकार | क. नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने, निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।<br>ख. कृषकहरुलाई सिंचाइ सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।<br>ग. नदी एवं खोलाहरुको कटान रोकथाम र आपतकालीन बाढी पहिरोको संरक्षण तथा न्यूनीकरण सम्बन्धी कार्य गर्ने ।<br>घ. उपभोक्ताहरु/कृषकहरुलाई नदी नियन्त्रण एवं बढी पहिरो सम्बन्धी प्राविधिक सीप र ज्ञान उपलब्ध गराउने ।<br>ङ. उर्जा सम्बन्धी सेवा उपलब्ध गराउने ।<br>च. भूमिगत स्यालो तथा डिप ट्युबवेल सम्बन्धी कार्य गर्ने । |
| ३. | सेवा प्रदान गरिने क्षेत्र | सतह सिंचाईः नवपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला एवं भूमिगत सिंचाई तर्फः गण्डकी प्रदेशका ११ वटा जिल्ला । |
| ४. | सेवाको गुणस्तर | स्वीकृत नर्मस् एवं स्पेसिफिकेशनमा तोकिए अनुसार गुणस्तर कायम गरिने । |
| ५. | सूचना सम्म पहुँच | व्यक्तिगत सम्पर्क, डिभिजन कार्यालयको सूचना पाटी, सिंचाइ गतिविधि, वार्षिक पुस्तिका, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा एवं यस डिभिजन कार्यालयको वेबसाईट आदि । |
| ६. | उजुरी गर्ने सरल प्रकृया | मौखिक तथा लिखित निवेदन दिएर । |
| ७. | समय सीमा, गुनासो सुनुवाई र समाधान व्यवस्था | गुनासोको आधारमा तुरुन्त सुनुवाई गरी समाधानको उपायको लागि यथाशिघ्र पहल गर्ने । |
| ८. | सेवाग्राही समूहहरु | भूमिगत सिंचाई, सतह सिंचाइ तथा नदी नियन्त्रण जल उपभोक्ता समिति/संस्था र उपभोक्ता कृषक/कृषक समूहहरु । |
| ९. | संस्था दर्ता/नवीकरण सम्बन्धी व्यवस्था | क. जलस्रोत तथा सिंचाइ उपभोक्ता समिति/संस्थाले नयाँ दर्ता गर्दा जलस्रोत तथा सिंचाइ सम्बन्धी ऐन, नीति, नियम र कार्यविधि अनुसार प्रक्रिया पुरा गरी दर्ता गरिने ।<br>ख. जलस्रोत तथा सिंचाइ उपभोक्ता समिति/संस्थाले प्रत्येक आ.व. समाप्त भएको मितिले ९० दिन भित्र उपभोक्ता समिति/संस्थाले तोकिएको प्रक्रिया पुरा गरी नवीकरण गर्नु पर्नेछ । |
| १०. | सेवा उपलब्ध हुने प्रक्रियाहरु | क. सिंचाइ सेवा उपलब्ध गर्न चाहने उपभोक्ताहरुको माग भएपछि वा पहिचान भईसकेको योजनाहरु मध्येबाट प्राथमिकताका आधारमा प्रारम्भिक तथा विस्तृत |

इन्जिनियर

| | | |
|---|---|---|
| | | इन्जिनियरिङ्ग अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई स्रोतको व्यवस्था गरी निर्माण कार्य अघि बढाउने ।<br>ख. नदी नियन्त्रण सम्बन्धी सेवा लिन चाहने उपभोक्ताहरुलाई माग बमोजिम योजनाहरुको प्राथमिकताको आधारमा स्रोतको व्यवस्थापन गरी निर्माण एवं संरक्षणको काम अघि बढाउने । |
| ११. | सम्बन्धित ऐन नियमहरु | जलस्रोत ऐन र नियमावली, सिंचाइ एवं नदी नियन्त्रण सम्बन्धीनीति र नियमावली एवं कार्यविधि, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रदेश सरकार-जलस्रोत तथा सिंचाइ योजना कार्यन्वयन कार्यविधि, २०७५ आदि । |
| १२. | सेवा बापत लाग्ने दस्तुरएवं शुल्क | क. सिंचाइ योजनाको कुल स्वीकृत लागत अनुमान अङ्कको ०.५ % रकम उपभोक्ताबाट सिंचित हुने क्षेत्रफलको आधारमा संकलन गरी मर्मत संभार कोष स्थापना गर्नु पर्नेछ ।<br>ख. मर्मत सम्भार कोषमा मौज्दात हुनुपर्ने न्यूनतम रकमः<br>१. सतह सिंचाई प्रणाली रु. १००।- प्रति रोपनी वा १,५००।- प्रति विगाहा<br>२. लिफ्ट/भूमिगत सिंचाई प्रणाली रु. २००।- प्रति रोपनी वा रु. ३,०००।- प्रति विगाहा |
| १३. | लाग्ने समय | माग भएको सेवाको प्रकृति तथा कार्यविधि अनुसारको समय । |
| १४. | सम्पर्क राख्नु पर्ने व्यक्ति | सूचना अधिकारीः इन्जिनियर श्री प्रकाश गौतम,<br>मो.नं. ९८५७०८२४८७ |
| १५.. | उजुरी गुनासो सुन्ने व्यक्ति | डिभिजन प्रमुखः श्री दीपा गौतम<br>फोन नं. ०७८-५४०४८८/ ०७८-५४११५०<br>e-mail: irrigation.nawalpur@gmail.com |

इन्जिनियर